
# प्रवेश परीक्षाको बारेमा



# आवेदन योग्यता (महानगरीय हाईस्कूलहरूको लागि प्रवेश परीक्षा दिन सक्ने व्यक्तिहरू)

◎ **विद्यालय शिक्षाको 9 वर्ष पूरा गरेको हुनेपर्ने**

☀ **पूर्ण समय प्रणाली**

**टोकियोमा अभिभावक सँग बस्दै गरेको व्यक्ति**

☾ **आंशिक समय प्रणाली**

**टोकियोमा बस्ने वा काम गर्ने व्यक्ति**

महत्वपुर्ण

महानगरीय हाईस्कूलको प्रवेश परीक्षा पास गर्नुभयो भने, अर्को महानगरीय हाईस्कूलको प्रवेश परीक्षा दिन सक्नुहुने छैन।

1/26 (सोमबार)
1/27 (सोममंगलबार)

# सिफारिस प्रवेश परीक्षा

| | |
|---|---|
| **कसको लागि** | टोकियोमा तेस्रो वर्ष जुनियर हाईस्कूलका विद्यार्थीहरूका लागि मात्र |
| **प्रवेश परीक्षा विधि** | सर्वेक्षण प्रतिवेदन, सामुहिक छलफल, व्यक्तिगत अन्तर्वार्ता, निबन्ध, व्यावहारिक परीक्षा |
| **प्रक्रिया** | सिफारिस अनुरोध पेस गरेर जुनियर हाईस्कूल प्रिन्सिपलबाट सिफारिस प्राप्त गर्ने |
| **आवेदन संख्या** | कम संख्या |
| **आवेदन विधि** | भर्ना आवेदन फारम **इन्टरनेट बाट आवेदन गर्ने** |

# विशेष कोटा प्रवेश परीक्षा

1/26 (सोमबार)

2/16 (सोमबार)

टोकियोमा बस्ने विदेशी विद्यार्थीहरूको लागि प्रवेश परीक्षा

| | |
|---|---|
| **कसको लागि·योग्यता** | विदेशी र जापानी दुवै नागरिकले परीक्षा दिन सक्छन्। (जापानमा तेस्रो वर्ष जुनियर हाईस्कूलका विद्यार्थी ⇒ जापान आएको 3 वर्ष 3 महिना भित्र। स्थानीय विद्यालय आदि⇒ कुनै सीमा अवधि छैन) टोकियोमा बस्दै गरेको वा बस्ने योजना, अभिभावकसँग बसेको हुनुपर्ने |
| **प्रवेश परीक्षा विधि** | निबन्ध (जापानी भाषा वा अँग्रेजी) ·अन्तरबार्ता (जापानी भाषा वा अँग्रेजी) |
| **प्रक्रिया**<br><br>**आवेदन विधि** | ·योग्यता परीक्षा दिएपछि आवेदन दिने<br><br>·आवेदन फारम हाईस्कूलमा ल्याउनुहोस् |
| **आवेदन स्कूल·संख्या परीक्षा मिती** | 8 स्कूल·कम संख्या (1स्कूलमा15जना~25जना)<br><br>जनवरी (11 स्कूल) · फेब्रुअरी (1स्कूल) |

# टोकियोमा बस्ने विदेशी विद्यार्थीहरूको लागि प्रवेश परीक्षाको लागि योग्यता परीक्षा

**कहिले: डिसेम्बरमा योग्यता परीक्षा हुनेछ**

**कहाँ: टोकियो महानगर भवन**

टोकियो महानगर शिक्षा परिषद् वा हाईस्कूलको वेबसाइटहरूमा घोषणा

योग्यता परीक्षा मिति जाँच गर्नुहोस् !

★आवेदन कागजात छिटो तयारी गर्नुहोस् !

कागजात ओरिजिनल हुनेपर्नेछ। कपि मान्य हुने छैन।

# विशेष कोटा प्रवेश परीक्षा

2/16 (सोमबार)

## विदेशबाट फर्केका विद्यार्थीहरूको लागि प्रवेश परीक्षा

| | |
|---|---|
| **कसको लागि・योग्यता** | आफ्नो अभिभावकसँग विदेशमा बस्दै गरेको वा बसेका जापानी नागरिकता भएको व्यक्ति<br>भर्नाको मिति सम्म टोकियोमा बस्ने योजनामा छन् |
| **प्रवेश परीक्षा विधि** | मातृभाषा・गणित・अँग्रेजी र निबन्ध<br>अन्तरास्ट्रिय हाईस्कूलको परीक्षा दिने  स्थानीय विद्यालयका विद्यार्थीले निबन्ध र अन्तर्वार्ता (जापानी भाषा वा अँग्रेजी) |
| **प्रक्रिया** | हाई स्कूलमा योग्यता परीक्षा पास गरेपछि आवेदन दिनुहोस्<br>विदेशमा बसेको समय वा देश फर्किएपछीको समयमा आधारित योग्यता प्रतिबन्धहरू |
| **आवेदन दिन सकिने स्कूल・संख्या** | 4 स्कूल・कम संख्या |
| **आवेदन विधि** | इन्टरनेट बाट आवेदन |

# विशेष कोटा प्रवेश परीक्षा

2/16 (सोमबार)

**चीन युद्धको कारण चीनबाट फर्केका, ल्याइएको विद्यार्थीहरूको लागि प्रवेश परीक्षा**

| | |
|---|---|
| **कसको लागि· योग्यता** | स्वदेश ल्याइएका अभिभावकहरू र टोकियोमा बस्ने मानिसहरू<br>भर्नाको मिति सम्म टोकियोमा बस्ने योजनामा छन् |
| **प्रवेश परीक्षा विधि** | निबन्ध र अन्तर्वार्ता |
| **प्रक्रिया** | आवेदन गर्नु अघि आफ्नो हाईस्कूल वा शिक्षा विभागमा आफ्नो योग्यता जाँच गर्नुहोस्<br>स्वदेश फिर्ता प्रमाणपत्र आदि विशेष कागजातहरू तयार गर्नुहोस् |
| **आवेदन दिन सकिने स्कूल· संख्या** | 3 स्कूल·कम संख्या |
| **आवेदन विधि** | आवेदन फारम हाईस्कूलमा ल्याउनुहोस् |

# सामान्य शैक्षिक क्षमता परीक्षा प्रवेश परीक्षा

～ भर्ना आवेदन फारम ～

**इन्टरनेट बाट आवेदन**

**2/21 (शनिबार)**

☀ **पूर्ण समय प्रणाली हाइस्कूल**

**पहिलो भर्ना·विभाजित पहिलो भागको भर्ना**

प्रवेश परीक्षा विषय ： 5 विषय (जापानी भाषा·गणित·अँग्रेजी·विज्ञान·सामाजिक शिक्षा)

☾ **आंशिक समय प्रणाली हाइस्कूल**

**पहिलो भर्ना·विभाजित पहिलो भागको भर्ना**

**प्रवेश परीक्षा विषय： प्राय3विषय**

(जापानी भाषा·गणित·अँग्रेजी)

बिषयको संख्या स्कूलले निर्धारण गर्दछ

＋ अन्तर्वार्ता

~भर्ना आवेदन फारम~

**हाईस्कूलमा लिएर जाने**

# सामान्य शैक्षिक क्षमता परीक्षा प्रवेश परीक्षा

3/11 (सोमबार) ☀ **दिवा रात्री आंशिक समय प्रणाली**

**पहिलो भर्ना·विभाजित पहिलो चरणको भर्ना**
**प्रवेश परीक्षा विषय:3विषय (जापानी भाषा·गणित·अँग्रेजी)**

3/27 (बिहीबार) **आंशिक समय प्रणाली हाइस्कूल** ＋ अन्तर्वार्ता

**दोस्रो भर्ना**
**प्रवेश परीक्षा विषय:3विषय (जापानी भाषा·गणित·अँग्रेजी)**

★ **भर्ना आवेदन फारम हाईस्कूलमा लिएर जाने**